**ILAM Vol. 21, Issue 1, February 2025**
**ISSN: 2362-1176**
**DOI: https://doi.org/10.3126/ilam.v21i1.75692**


# वाक्क्रियाको सैद्धान्तिक अवधारणा र भाषाशैक्षणिक स्थिति

उपप्राध्यापक डा. केशव भुसाल
नेपाली शिक्षा विभाग, शिक्षाशास्त्र केन्द्रीय विभाग, त्रि. वि. कीर्तिपुर
Email: keshabbhusal.tu@gmail.com

**लेखसार**

*प्रस्तुत लेख वाक्क्रियाको अध्ययनमा आधारित रहेको छ । यस लेखमा वाक्क्रियाको सैद्धान्तिक अनुशीलन गरिएको छ । वाक्क्रियाको परिचय दिनु, वाक्क्रियाका प्रकारहरू प्रस्तुत गर्नु, वाक्क्रियाको भाषाशैक्षणिक स्थिति निरूपण गर्नु यस अध्ययनका मुख्य उद्देश्यका रूपमा रहेका छन् । प्रस्तुत अध्ययन गुणात्मक अनुसन्धान विधिमा आधारित रहेको छ । यस अध्ययनमा सैद्धान्तिक अनुसन्धान पद्धतिको प्रयोग गरिएको छ । यसमा मूलतः अङ्ग्रेजी सैद्धान्तिक सामग्रीहरूको अध्ययन गरिएको छ । अध्ययनबाट प्राप्त वाक्क्रियासम्बन्धी अवधारणाहरूको विश्लेषण र संस्लेषण गरिएको छ । साथै वाक्क्रिया सम्बन्धमा प्राप्त तथ्यहरूको तुलनात्मक अध्ययन गरी त्यसको तार्किक व्याख्या गरिएको छ । प्रस्तुत अध्ययनबाट वाक्क्रिया प्रकरणार्थविज्ञानको एउटा महत्तम क्षेत्र रहेको, यसले भाषिक अभिव्यक्ति वा उच्चारबाट हुने कार्यसम्पादनलाई जनाउने, यसका मुख्य पाँच प्रकार : निश्चयार्थक, निर्देशनात्मक, प्रतिज्ञामूलक, अभिव्यक्तिमूलक र घोषणात्मक रहेका, यसको उपयुक्त प्रयोगव्यवहारबाट भाषाशिक्षण प्रभावकारी बन्ने लगायतका निष्कर्ष निकालिएको छ । प्रस्तुत अध्ययन वाक्क्रिया र यसका विविध पक्षमा आधारित रही अध्ययन, अनुसन्धान गर्न चाहने तथा यस क्षेत्रमा रुचिकर सबैका लागि उपयोगी हुने अपेक्षा गरिएको छ ।*

***प्रमुख शब्दावली*** : भाषाविज्ञान, प्रकरणार्थविज्ञान, वाक्क्रिया, वाक्क्रियाका प्रकार, वाक्क्रियाको भाषाशैक्षणिक स्थिति ।

## अध्ययनको पृष्ठभूमि

भाषाविज्ञान भाषाको वस्तुगत अध्ययनसँग सम्बन्धित रहेको छ । यसका दुई मुख्य क्षेत्र रहेका छन् : सैद्धान्तिक भाषाविज्ञान र प्रायोगिक भाषाविज्ञान । सैद्धान्तिक भाषाविज्ञान भाषाको सैद्धान्तिक पक्षहरूको अध्ययनमा आधारित रहेको छ भने प्रयोगिक भाषाविज्ञान भाषाको प्रयोग पक्षको अध्ययनमा आधारित रहेको छ । सैद्धान्तिक भाषाविज्ञानमा भाषाका ध्वनि, वर्ण, रूप, वाक्य र अर्थको अध्ययन गरिन्छ । प्रायोगिक भाषाविज्ञानमा सङ्कथन, शैली, अनुवाद, कोश, व्यतिरेकी, त्रुटि, प्रकरणार्थ, वाक्चिकित्सा आदि क्षेत्रको अध्ययन विश्लेषण गरिन्छ । प्रायोगिक भाषाविज्ञानका यी विविध क्षेत्रमध्ये वाक्क्रिया प्रकरणार्थविज्ञानसँग सम्बन्धित रहेको छ ।

प्रकरणार्थविज्ञान सन्दर्भअनुसार भाषाको प्रयोग कसरी गरिन्छ र भाषिक स्वरूप र भाषा प्रयोगका बिच केकस्तो सम्बन्ध रहेको हुन्छ सोको अध्ययननिबद्ध शास्त्रका रूपमा देखा परेको छ । यस अर्थमा प्रकरणार्थविज्ञानले शाब्दिक अर्थेतर अर्थको अध्ययन विश्लेषण गर्दछ । यसअन्तर्गत वाक्क्रिया, संवादात्मक अन्तरुक्ति, सहयोगात्मक सिद्धान्त, नम्रता र सान्दर्भिकताको सिद्धान्तलगायत पर्दछन् । वाक्क्रिया यीमध्येको एउटा महत्त्वपूर्ण सिद्धान्त हो । यसले भाषिक अभिव्यक्ति वा उच्चारबाट हुने कार्यसम्पादनलाई जनाउँदछ ।

वाक्क्रियासम्बन्धी अवधारणाको सुरुवात बेलायती भाषावैज्ञानिक तथा अक्सफोर्ड विश्वविद्यालयका प्राध्यापक अस्टिनले सन् १९५५ मा सम्पादनकारी क्रिया र सुहाउँदा सर्तसम्बन्धी अवधारणा प्रस्तुत गरेसँगै प्रारम्भ भएको मानिन्छ । उनले भाषिक उच्चारका बिचको प्रारम्भिक भेद निर्धारण गरेको पाइन्छ । अस्टिनपछि वाक्क्रियाबारे चर्चा गर्ने अर्का विद्वान्का रूपमा सर्ले देखा परेका छन् । उनले अस्टिनद्वारा प्रस्तुत अनुविधानात्मक कार्यसम्बन्धी अवधारणालाई थप व्यवस्थित रूपमा व्याख्या गरी वाक्क्रिया सिद्धान्तको विकास गरेका हुन् ।

भाषिक अभिव्यक्ति वा बोलीबाट सम्पादन हुने कार्यहरूको अध्ययनका लागि निकै उपयोगी हुने यस सिद्धान्तका बारेमा नेपाली भाषा, साहित्यका क्षेत्रमा कमै चर्चा गरिएको पाइन्छ । साथै यससम्बन्धी अध्ययन, अनुसन्धान पनि नगण्य मात्रामा भएको देखिन्छ । यस किसिमका वस्तुतालाई आत्मसात गरी प्रस्तुत अध्ययनमा वाक्क्रिया र यसको सैद्धान्तिक पक्ष तथा भाषाशैक्षणिक स्थितिबारे चर्चा गरिएको छ । यस अध्ययनले वाक्क्रिया सम्बन्धमा आवश्यकीय जानकारी प्रवाह गर्ने अपेक्षा गरिएको छ ।

**समस्याकथन**

ISSN: 2362-1176
DOI: https://doi.org/10.3126/ilam.v21i1.75692

प्रस्तुत अध्ययनको मुख्य समस्या वाक्क्रिया रहेको छ । यसका अन्य समस्याका रूपमा वाक्क्रियाका प्रकार, वाक्क्रियाको भाषाशैक्षणिक स्थितिलगायत रहेका छन् ।

**उद्देश्यकथन**

प्रस्तुत अध्ययनको मुख्य उद्देश्य वाक्क्रियाको अध्ययन गर्नु रहेको छ । यसका अन्य उद्देश्यका रूपमा वाक्क्रियाका प्रकार प्रस्तुत गर्नु, वाक्क्रियाको भाषाशैक्षणिक स्थिति निरूपण गर्नुलगायत रहेका छन् ।

## अध्ययन विधि

प्रस्तुत अध्ययन गुणात्मक अध्ययन विधिमा आधारित रहेको छ । यसमा वर्णनात्मक तथा विश्लेषणात्मक विधिको प्रयोग गरिएको छ । यस अध्ययनमा पुस्तकालयीय कार्यका माध्यमबाट आवश्यक सैद्धान्तिक सामग्रीहरूको सङ्कलन गरिएको छ । यस क्रममा मूलतः अङ्ग्रेजी सैद्धान्तिक सामग्रीहरूको अध्ययन गरिएको छ । यस अध्ययनमा विभिन्न लेखकहरूद्वारा प्रस्तुत गरिएका अवधारणाहरूको सूक्ष्म अध्ययन गरिएको छ । अध्ययनबाट प्राप्त निचोडका आधारमा वाक्क्रियासम्बन्धी अवधारणालाई विभिन्न उपशीर्षकहरूमा विभक्त गरी व्याख्या विश्लेषण गरिएको छ । यस क्रममा आवश्यकतानुसार उदाहरणहरूसमेत प्रस्तुत गरिएको छ ।

## व्याख्या विश्लेषण

प्रस्तुत अध्ययनमा वाक्क्रिया सम्बन्धमा प्राप्त तथ्यहरूलाई निम्नानुसारका उपशीर्षकहरूमा विभक्त गरी व्याख्या, विश्लेषण गरिएको छ :

**वाक्क्रियाको सैद्धान्तिक स्वरूप**

वस्तुतः प्रकरणार्थविज्ञान सन्दर्भअनुसार भाषाको प्रयोग कसरी गरिन्छ र भाषिक स्वरूप र भाषा प्रयोगका बिच केकस्तो सम्बन्ध रहेको हुन्छ सोको अध्ययननिबद्ध शास्त्रका रूपमा देखा परेको छ । यस अर्थमा प्रकरणार्थविज्ञानले शाब्दिक अर्थेतर अर्थको अध्ययन विश्लेषण गर्दछ । यसअन्तर्गत वाक्क्रिया, संवादात्मक अन्तरुक्ति, सहयोगात्मक सिद्धान्त, नम्रता र सान्दर्भिकताको सिद्धान्तलगायत पर्दछन् । वाक्क्रिया यीमध्येको एउटा महत्त्वपूर्ण सिद्धान्त हो ।

वाक्क्रिया भाषिक कार्यको व्यवस्थित अध्ययनसम्बद्ध सिद्धान्त हो । यसले भाषिक अभिव्यक्ति वा उच्चारबाट हुने कार्यसम्पादनलाई जनाउँदछ । यससम्बन्धी अवधारणाको सुरुवात बेलायती भाषावैज्ञानिक तथा अक्सफोर्ड विश्वविद्यालयका प्राध्यापक जोन लङ्गस अस्टिन (सन् १९११-१९६०) ले सन् १९५५ मा सम्पादनकारी क्रिया र सुहाउँदा सर्तसम्बन्धी अवधारणाबाट गरेका हुन् । जुन पछि *How to do things with words* नामक पुस्तकका रूपमा प्रकशित भयो भने यसको थप विकास उनका शिष्य जोन रोगर्स सर्ले (सन् १९३२) ले सन् १९६९ मा *Speech Act* शीर्षकको पुस्तक प्रकाशनमार्फत गरेका हुन् । यस दृष्टिले वाक्क्रियासमबन्धी अवधारणाको जग बसाउने काम अस्टिनबाट र वाक्क्रिया सिद्धान्तलाई स्थापित गर्ने काम सर्लेबाट भएको देखिन्छ ।

**अस्टिनका वाक्क्रियासम्बद्ध कार्यहरू**

वस्तुतः बेलायती भाषावैज्ञानिक जोन लङ्गस अस्टिनले भाषिक उच्चारका बिचको प्रारम्भिक भेद निर्धारण गरेसँगै वाक्क्रियासम्बन्धी अवधारणाको सूत्रपात भएको मानिन्छ । यस सन्दर्भमा उनले निम्नलिखित दुई प्रकृतिका भाषिक उच्चारका बिचको भिन्नता निर्धारण गरेको पाइन्छ :

**(क) सूचनामूलक उच्चार** (Concentive Utterance)

केही कुराको जानकारी वा सूचना प्रवाहका लागि गरिने उच्चारलाई सूचनामूलक उच्चार भनिन्छ । यसको प्रयोग सांसारिक तथ्य वा मामलाहरूको व्याख्याका लागि गरिन्छ । साथै यो सत्य वा असत्य हुन सक्छ । जस्तै : पानी पर्दैछ । प्रस्तुत वाक्य पानी परिरहेको अवस्थामा सत्य र नपरेको अवस्थामा असत्य हुन पुग्छ । त्यस्तै 'म भाँडा माझिरहेको छु ।' वाक्यलाई पनि यसको उदाहरण मान्न सकिन्छ, जसले कुनै कार्यका लागि कसैलाई दर्साएको छैन । यसबाट केवल सूचना मात्र प्रवाह भएको छ । अर्थात् यसले घटना मात्र प्रवाह गरेको छ ।

**(ख) सम्पादनकारी उच्चार**

ISSN: 2362-1176
DOI: https://doi.org/10.3126/ilam.v21i1.75692

निश्चित कार्य सम्पन्न गर्न वा गराउनका लागि गरिने भाषिक उच्चारलाई सम्पादनकारी उच्चार भनिन्छ । सम्पादनकारी उच्चारले कार्यको प्रस्तुतिलाई दर्साउँछ । अर्थात् यसले व्यक्त भाषिक अभिव्यक्तिबाट कुनै न कुनै भाषिक कार्य सम्पादन हुनुपर्ने मान्यता राख्दछ । जस्तै :

- I order you to read your book. - म तिमीलाई आफ्नो पुस्तक पढ्न आदेश दिन्छु ।
- I advice you to seek permission from your parents. - म तिमीलाई आफ्ना भिभावकबाट अनुमति लिन सुझाउ दिन्छु । प्रस्तुत उदाहरणमध्ये पहिलो उदाहरणबाट आदेशात्मक कार्य सम्पन्न भएको छ भने दोस्रो उदाहरणबाट सल्लाह दिने कार्य सम्पादन भएको छ । यसअलावा भाषिक अभिव्यक्तिबाट घोषणा, वाचा, अनुरोध, विरोध, चेतावनी, समर्थन, माग आदिनिबद्ध कार्य सम्पादन हुनुलाई पनि यसअन्तर्गत लिइन्छ ।

फ्लावरड्यु (सन् २०१३) का अनुसार अस्टिनले क्रियाका विशेष प्रकार पहिचान गरेर सम्पादनकारी दृष्टिकोण अघि सारेको पाइन्छ । उनले क्रियाको अभिव्यक्ति वा उच्चारबाट निश्चित कार्य सम्पादन हुने कुरा पत्ता लगाएको मानिन्छ । यस क्रममा उनले सम्पादनकारी क्रिया उल्लेख गरेका छन् । जस्तै :

- I name this ship the queen elizabeth. – मैले यस समुद्री जहाजको नाम क्विन एलिजाबेथ राखें ।
- I bate you fifty dollars. - मैले तिमीसँग पचास डलरको सर्त राखें ।
- I order you to leave. - मैले तिमीलाई छाड्न आदेश दिएँ ।
- I suggest you to work harder. - मैले तिमीलाई कडा मेहनत गर्न सुझाएँ ।

अस्टिनद्वारा प्रस्तुत उल्लिखित उदाहरणहरूमा प्रयुक्त क्रियापदहरू सम्पादनकारी क्रियापद हुन् । अस्टिनले अनौपचारिक रूपमा सम्पादनकारी क्रियाहरू दसौं हजार हुन सक्ने अनुमानसमेत गरको पाइन्छ । सम्पादनकारी क्रियाको पहिचानपछि अस्टिन सम्पादनकारी अर्थ प्रदान गर्ने अरू तरिकातर्फ अभिमुख भएको देखिन्छ । जस्तैं :

| सम्पादनकारी क्रियासहितको उच्चार | सम्पादनकारी क्रियारहितको उच्चार |
|---|---|
| – You are requested to leave.<br>(तिमीलाई छाड्न अनुरोध गरिन्छ) | – Please leave.<br>(कृपया छाड) |
| – I promise to pay you back.<br>(म तिमीलाई पछि तिर्ने वचन दिन्छु ।) | – I will definitely pay you back.<br>(म निश्चित रूपमा तिमीलाई पछि दिनेछु) |
| - I suggest you do it again.<br>(म तिमीलाई यो पुनः गर्न सल्लाह दिन्छु) | – Why don't you do it again?<br>(किन तिमी यो पुनः गर्दैनौ ?) |

(फ्लावरड्यु, २०१३, पृ. ८१)

उल्लिखित उच्चारबाट व्यक्त हुने अर्थले अनुविधानात्मक वा वचनेतर शक्ति (Illocutionary Force) लाई जनाउने मानिन्छ । लेबिन्सन (सन् १९८३) का अनुसार "वाक्क्रिया प्रस्तुतिको सङ्केतका लागि भाषिक स्वरूपको प्रयोग गरिन्छ । जस्तै : अनुरोधका लागि कृपया (Please) को प्रयोग, जोडका लागि गर्नुहोस् (do) को प्रयोग" (फ्लावरड्यु, २०१३, पृ. ८१ मा उद्घृत) । जसले अनुविधानात्मक शक्तिका रूपमा कार्य सम्पादन गर्ने मानिन्छ ।

अस्टिनले सम्पादनकारी उच्चारका लागि वा त्यसबाट कार्य सम्पादन गर्नका लागि निम्नानुसारका सुहाउँदा सर्त (Felicity Condition) उल्लेख गरेका छन् :

- व्यक्ति र स्थानको उपयुक्तता : यसअनुसार वक्ता र श्रोता कुराकानीमा संलग्न हुनु पर्छ । यसका लागि उपयुक्त स्थानको समेत आवश्यकता पर्दछ । जस्तै : 'रमेशका छोराछोरी मेहनती छन्'

ILAM Vol. 21, Issue 1, February 2025
ISSN: 2362-1176
DOI: https://doi.org/10.3126/ilam.v21i1.75692


वाक्यमा रमेशका छोराछोरी छन् भने मात्र उसका छोराछोरी मेहनती भएको कुरा उपयुक्त हुन सक्छ । यदि उसका छोराछोरी नै छैनन् भने उनीहरू मेहनती भएको कुराको अभिव्यक्ति उपयुक्त मान्न सकिँदैन ।

- कार्यको पूर्णता : यसअनुसार व्यक्त अभिव्यक्तिअनुसारको कार्य सम्पन्न गरिएको हुनु पर्छ । जस्तो कि, 'म तिम्रो विवाह समारोहमा उपस्थित हुने वाचा गर्छु' भनियो तर उपस्थित भइएन भने त्यसलाई सम्पादनकारी क्रियाको दुरूपयोग भएको मानिन्छ । त्यस्तो हुन नहुने दृष्टिकोण यसनिबद्ध रहेको छ ।
- आशयको उपयुक्तता : यसअनुसार व्यक्त अभिव्यक्तिअनुरूपको आशय उपयुक्त हुनु पर्छ । अर्थात् त्यसको परिपालना गरिनु पर्दछ । जस्तो कि, विवाह समारोहमा सरिक हुँदा आयोजकले सुरुमा राम्रोसँग स्वागत गरे तर अन्त्यमा नराम्रो व्यवहार गरे भने त्यसलाई आशयगत दृष्टिले उपयुक्त मान्न सकिँदैन ।
- यद्यपि सूचनामूलक र सम्पादनकारी उच्चारका बिच स्पष्ट भेद देखाउन भने निकै कठिन रहेको कुरा अस्टिन स्वयम्ले उल्लेख गरेको पाइन्छ ।
- यसपछि अस्टिनले सम्पादनकारी उच्चारको तार्किक संरचना विश्लेषणतर्फ ध्यान केन्द्रित गरेको देखिन्छ । यस सन्दर्भमा उनले दुई ओटा महत्त्वपूर्ण अनुभूति प्रस्तुत गरेका छन् :
    - सम्पादनकारी उच्चार स्पष्ट हुन सक्छ ।
    - सम्पादनकारी उच्चार अस्पष्ट हुन सक्छ ।

उच्चारका उल्लिखित दुई प्रकृतिमध्ये स्पष्ट उच्चार अभिव्यक्तिबाट प्रस्ट हुन्छ र यो I pormise..., I advice... लगायतबाट व्यक्त हुन्छ भने अस्पष्ट उच्चार अभिव्यक्तिबाट प्रस्ट हुँदैन र यो I will be there. लगायतको अभिव्यक्तिबाट प्रवाहित हुन्छ । त्यसैगरी अस्टिनले सम्पादनकारी उच्चार वा अभिव्यक्तिलाई निम्नानुसार तीन प्रकारमा वर्गीकरण गरेको पाइन्छ :

- **निर्विधानात्मक/वचनात्मक कार्य** (locutionary Act) : निर्विधानात्मक वा वचनात्मक कार्य अर्थपूर्ण भाषिक अभिव्यक्ति वा उच्चारको उत्पादन हो । यसले भाषिक अभिव्यक्तिको उच्चारलाई मात्र जनाउँदछ । अर्थात् यसलाई अर्थयुक्त वाक्यको उच्चारका रूपमा लिइन्छ । यो कार्य मुख्यतः श्रोतासँग सम्बन्धित रहेको हुन्छ । यदि श्रोताले वक्ताले भनेको कुरा बोध गर्न सकेन भने निविर्धानात्मक कार्य सम्पन्न गर्न वक्ता असफल भएको मानिन्छ । जस्तै : 'तिमीलाई कस्तो छ ?' प्रस्तुत वाक्य सुनेर श्रोताले अर्थबोध गर्नुलाई निर्विधानात्मक कार्यका रूपमा लिइन्छ । यस कार्यलाई तीन प्रकारमा वर्गीकरण गरिएको पाइन्छः
    - आवाज वा ध्वनिको उत्पादनसम्बद्ध कार्य (Phatic Act)
    - निश्चित शब्दभण्डार वा व्याकरणद्वारा पहिचान गर्न सकिने ध्वन्यात्मक शब्दको उत्पादनसम्बद्ध कार्य (Phonemic Act)
    - अर्थप्रवाहका लागि शब्दको प्रयोग गरिने कार्य (Rhetic Act)
- **अनुविधानात्मक/वचनेतर कार्य** (Illocutionary Act) : भाषिक अभिव्यक्ति वा उच्चारको निश्चित अभिप्राय हुन्छ । अधिकांश समय मानिसले निश्चित प्रयोजनका लागि सुसंरचित भाषिक अभिव्यक्ति वा उच्चार प्रस्तुत गर्छन् । वस्तुतः साञ्चारिक एवम् सम्पादनकारी मनसायका साथ उत्पादन गरिने भाषिक अभिव्यक्तिलाई अनुविधानात्मक कार्य भनिन्छ । अर्को शब्दमा अनुविधानात्मक वा वचनेतर कार्यले भाषिक अभिव्यक्ति वा उच्चारबाट सम्पन्न गरिने कार्यलाई जनाउँदछ । यसमा वक्ताको अभिव्यक्तिबाट श्रोतालाई केही कामका लागि प्रेरित गरिएको आशय प्रकट हुन्छ । यस किसिमको आभिव्यक्तिक कार्यबाट वाचा, अनुरोध, समर्थन, विरोध, आदेश, सल्लाह आदि प्रस्तुत हुने मानिन्छ । जस्तै : 'म तिमीलाई सधैंभरि साथ दिने वाचा गर्छु ।' यस वाक्यबाट अनुविधानात्मक कार्य सम्पादन भएको

ISSN: 2362-1176
DOI: https://doi.org/10.3126/ilam.v21i1.75692

मानिन्छ । यसमा प्रयुक्त 'वाचा गर्छु' (Promice) क्रियाले अनुविधानात्मक कार्य सम्पादन भएको दर्साउँछ ।

- **प्रतिविधानात्मक/वचनप्रभावी कार्य** (Perlocutionary Act) : प्रतिविधानात्मक वा वचनप्रभावी कार्यले आर्थी दृष्टिले प्रभावात्मक भाषिक अभिव्यक्ति वा उच्चारको उत्पादनलाई दर्साउँदछ । यसले वक्ताले श्रोताबाट स्पष्ट प्रतिक्रिया पाउने कुरालाई जनाउँछ । अर्को शब्दमा प्रतिविधानात्मक कार्यले वक्ताको अभिव्यक्तिले श्रोतामा परेको प्रभावलाई दर्साउँछ । त्यसैले यसलाई वक्ताको उच्चारबाट श्रोतामा पर्ने प्रभावका रूपमा व्याख्या गरिएको पाइन्छ । यसमा वक्ताले आफ्नो अभिव्यक्तिबाट श्रोता सहमत भएको, मानेको वा खुसी भएको देख्न वा नदेख्न सक्छ । साथै यस किसिमको अभिव्यक्तिबाट श्रोता लजाउने, दुःखी हुने, खुसी हुने, दिक्क हुने पनि हुन सक्छ । यदि कुनै केटोले कुनै केटीलाई 'तिमी सुन्दर छौ' भन्दा केटी केटासँग आकर्षित भएर लजाउँदै खुसी हुन पुगेमा त्यस्तो कार्यलाई प्रतिविधानात्मक वा वचनप्रभावी कार्यका रूपमा लिइन्छ । यसविपरीत केटी उक्त केटासँग आकर्षित नभई उसले 'धन्यवाद' मात्र भनेमा र खुसी अनुभूत नगरेमा पनि उक्त कार्यलाई प्रतिविधानात्मक कार्यकै रूपमा लिइन्छ ।

विडोसन (२००७) ले प्रकरणपरक अर्थका तीन प्रकारको चर्चाका क्रममा उल्लिखित भाषिक कार्यको व्याख्या गर्दै पहिलो भाषिक कार्यलाई प्रतिज्ञप्ति (Preposition), दोस्रोलाई अनुविधानात्मक कार्य (Illocutionary Act) र तेस्रोलाई प्रतिविधानात्मक प्रभाव (Perlocutionary Effect) का रूपमा उल्लेख गरेका छन् । यस क्रममा उनले 'अबको पौने घन्टामा ट्याक्सी यहीं हुनेछ' वाक्य प्रस्तुत गर्दै यस वाक्यलाई प्रतिज्ञप्तिमूलक वाक्यका रूपमा, 'मैले सबै व्यवस्था गरेको छु, अबको पौने घन्टामा ट्याक्सी यही हुनेछ' वाक्यलाई अनुविधानात्मक वाक्यका रूपमा र 'चिन्ता नगर, मैले सबै व्यवस्था मिलाइसकेको छु' (यसबाट श्रोताले ट्याक्सीको चिन्ता नगर्ने, बरु हतार गर्नुपर्ने आशय बोध गर्ने) वाक्यलाई प्रतिविधानात्मक प्रभावका रूपमा उल्लेख गरेका छन् । साथै उनले अनुविधानात्मक शक्तिबाट वाचा, सल्लाहलगायतका विभिन्न अनुविधानात्मक कार्य सम्पन्न हुने विचारसमेत प्रकट गरेका छन् ।

उल्लिखित चर्चाका आधारमा सम्पादनकारी अभिव्यक्तिका तीन प्ररूपमध्ये निर्विधानात्मक वा वचनात्मक कार्यले अर्थपूर्ण अभिव्यक्ति वा उच्चारको उत्पादन र प्रस्तुति (यहाँ आउनुहोस्, टाढा जानुहोस् आदि) लाई, अनुविधानात्मक वा वचनेतर कार्यले अर्थपूर्ण अभिव्यक्ति वा उच्चार उत्पादनको मनसाय (वाचा, प्रस्ताव आदि) लाई र प्रतिविधानात्मक वा वचनप्रभावी कार्यले भाषिक अभिव्यक्ति वा उच्चारको प्रभाव (व्यवहार, अनुभूति, विश्वास आदि) लाई दर्साउने कुरा अधिगत गर्न सकिन्छ ।

नेपोलिअन र मबाक्विओ (सन् २०१८) का अनुसार उल्लिखित तीन किसिमका सम्पादनकारी कार्य निम्न रूपमा सम्बन्धित देखा पर्छन् :

- अनुविधानात्मक वा वचनेतर कार्यका लागि निर्विधानात्मक वा वचनात्मक कार्यको आवश्यकता पर्दछ । अर्थात् निर्विधानात्मक कार्यविना अनुविधानात्मक कार्य प्रस्तुत हुन सक्दैन ।
- प्रतिविधानात्मक वा वचनप्रभावी कार्यका लागि अनुविधानात्मक वा वचनेतर कार्यको आवश्यकता पर्छ । अर्थात् अनुविधानात्मक कार्यविना प्रतिविधानात्मक कार्य प्रस्तुत हुन सक्दैन ।
- त्यसैगरी निर्विधानात्मक कार्यका लागि अनुविधानात्मक कार्यको आवश्यकता पर्दैन भने अनुविधानात्मक कार्यका लागि प्रतिविधानात्मक कार्यको आवश्यकता पर्दैन ।

नेपोलिअन र मबाक्विओ (पूर्ववत्) का अनुसार पछिल्लो समयमा How to do things with words ? अर्थात् शब्दहरूद्वारा कसरी काम गर्ने ? (सन् १९८९) शीर्षकीय परिमार्जित पुस्तकमा अस्टिनले सम्पादनकारी क्रियाका पाँच आधारभूत प्रकार प्रस्तुत गरेका छन् : निर्णयात्मक (Verdictives) - अभ्यासात्मक (Exercitives) - प्रतिज्ञामूलक (Commissives) - मनोवृत्तिमूलक (Behabitives) र व्याख्यामूलक (Expositives) । जसको चर्चा निम्नानुसार गरिएको छ :

ISSN: 2362-1176
DOI: https://doi.org/10.3126/ilam.v21i1.75692

- **निर्णयात्मक** (Verdictives) : विभिन्न प्रमाण र कारणका आधारमा मूल्य वा तथ्यको प्रवाह गर्ने कार्यलाई यसअन्तर्गत लिइन्छ । यसलाई एक किसिमको न्यायिक कार्यका रूपमा लिइन्छ । जस्तै : दोषमुक्त गर्नु, दोषी ठहऱ्याउनु, मूल्याङ्कन गर्नु, चरित्र चित्रण गर्नु, अनुमान लगाउनु, श्रेणी निर्धारण गर्नु आदि ।
- **अभ्यासात्मक** (Exercitives) : कुनै निश्चित कार्यको पक्षमा वा त्यसको विपक्षमा निर्णय दिने वा बोल्ने कार्यलाई यसअन्तर्गत लिइन्छ । जस्तै : नियुक्त गर्नु, खारेज गर्नु, गिराउनु, बहिष्कार गर्नु आदि ।
- **प्रतिज्ञामूलक** (Commissives) M वक्ताले निश्चित कार्यका लागि वचनबद्धता प्रकट गर्ने कार्यलाई यसअन्तर्गत लिइन्छ । अर्थात् यो प्रतिबद्धता तथा उत्तरदायित्वसँग सम्बन्धित रहेको छ । जस्तै : वाचा गर्नु, अनुबन्ध गर्नु, वचनबद्ध हुनु, आदि ।
- **मनोवृत्तिमूलक** (Behabitives) M यो अन्य व्यक्तिको व्यवहारबारे प्रतिक्रिया जनाउने कार्यसँग सम्बन्धित रहको छ । अर्थात् यो व्यक्तिको धारणा र सामाजिक व्यवहारसँग सम्बन्धित रहेको छ । जस्तै : माफी माग्नु, बधाई दिनु, आदेश दिनु आदि ।
- **व्याख्यामूलक** (Expositives) M यो सञ्चार, भनाइ वा कारणको स्पष्टोक्तिसँग सम्बन्धित रहेको छ । जस्तै : जवाफ दिनु, सहमत हुनु, स्वीकार गर्नु, आदि ।

नपोलिअन र मबाक्विओ (सन् २०१८) का अनुसार अस्टिन (सन् १९८९, पृ १६३) ले आफ्नो वर्गीकरणमध्ये निर्णयात्मकलाई निर्णयको अभ्यासका रूपमा, अभ्यासात्मकलाई शक्तिको प्रभाव वा अभ्यासका रूपमा, प्रतिज्ञामूलकलाई मनसाय र जिम्मेवारीको अनुमानका रूपमा, मनोवृत्तिमूलकलाई मनसायको स्थापनका रूपमा र व्याख्यात्मकलाई कारण, भनाइ वा सञ्चारको स्पष्टीकरणका रूपमा सारांशीकृत गरेका छन् ।

**सर्लेको वाक्क्रिया सिद्धान्त**

वस्तुतः बेलायती भाषावैज्ञानिक जोन रोगर्स सर्ले (सन् १९३२) ले सन् १९६९ मा *speech act* शीर्षकको पुस्तक प्रकाशनमार्फत वाक्क्रिया सिद्धान्त स्थापित गरेका छन् । उनले भाषिक अभिव्यक्ति वा उच्चारबाट सम्पादन हुने कार्यलाई वाक्क्रिया (Speech Act) का रूपमा व्याख्या गरेका छन् । यस आधारमा सर्लेलाई वाक्क्रिया सिद्धान्तका प्रतिपादक मानिन्छ । सर्लेका गुरु अस्टिनले वाक्क्रियाको आशय जनाउनका लागि सम्पादनकारी क्रिया (Perfermative Act) को प्रयोग गरेको पाइन्छ । जसको जोड अनुविधानात्मक काय{ (Illocutionary Act) मा रहेको थियो । यद्यपि अस्टिनले जस्तै सर्लेले पनि ती क्रियालाई प्राथमिक अभिव्यक्तिका कार्यका रूपमा विश्वास गरेको पाइन्छ । वास्तवमा सर्लेको वाक्क्रिया सिद्धान्तले अस्टिनद्वारा प्रस्तुत अनुविधानात्मक कार्यलाई पछ्याएको देखिन्छ । त्यसो त सर्लेले अस्टिनद्वारा प्रस्तुत अनुविधानात्मक कार्यसम्बन्धी अवधारणालाई थप व्यवस्थित रूपमा व्याख्या गरी वाक्क्रिया सिद्धान्तको विकास गरेका हुन् ।

सर्ले (सन् १९८०) का अनुसार "वाक्क्रिया दुई प्रकारले महत्त्वपूर्ण मानिन्छ । पहिलो : वाक्क्रिया सङ्कथन विश्लेषणका सन्दर्भमा आधारभूत एकाइका रूपमा देखा पर्छ । दोस्रो : वाक्क्रियाको प्रयोगव्यवहारका सन्दर्भमा यो महत्त्वपूर्ण देखा पर्छ" (फ्लावरड्यु, २०१३, पृ. ८० मा उद्घृत) ।

वाक्क्रिया चर्चाका क्रममा सर्लेले अनुविधानात्मक कार्यमा निहित सम्भाव्य अन्योललाई हटाएको पाइन्छ । नेपोलिअन र मबाक्विओ (पूर्ववत्) का अनुसार सर्लेले सर्वप्रथम अनुविधानात्मक कार्य (Illocutionary Act) र प्रतिज्ञप्ति वा व्यक्त विषय (Porpositional Content) का बिचको भिन्नता प्रस्तुत गरेको छन् । जस्तै :

- John left the room. - जोनले कोठा छाड्यो ।
- I hope john left the room. - मलाई आशा छ जोनले कोठा छाड्यो ।
- John please leave the room. - कृपया जोन कोठा छाड ।

ISSN: 2362-1176
DOI: https://doi.org/10.3126/ilam.v21i1.75692

- Has john left the room? - जोनले कोठा छाडेको छ ?

उल्लिखित वाक्यहरू विभिन्न अनुविधानात्मक कार्यका लागि प्रयोग भएका छन् । जसमध्ये पहिलो वाक्य सुनिश्चितताका लागि, दोस्रो वाक्य आशाका लागि, तेस्रो वाक्य अनुरोधका लागि र चौथो वाक्य प्रश्नका लागि प्रयोग गरिएका छन् । उल्लिखित अधिकांश वाक्यहरू विचारात्मक विषयसँग सम्बन्धित रहेका छन् । जहाँ कर्ताका रूपमा जोन रहेको छ । यस सम्बन्धमा सर्लेले अनुविधानात्मक शक्ति (Illocutionary Force) र प्रतिज्ञप्तिमूलक वा वैषयिक शक्ति (Propositional Force) को कुरा उल्लेख गरेका छन् । उनका अनुसार I promise to attend your birthday party. अर्थात् 'म तिम्रो जन्मदिनको समारोहमा सामेल हुने वाचा गर्दछु' वाक्यमा प्रयुक्त I promise अर्थात् 'म वाचा गर्छु' भन्ने अंशलाई अनुविधानात्मक शक्ति मानिन्छ भने बाँकी अंशलाई प्रतिज्ञप्तिमूलक वा वैषयिक शक्ति मानिन्छ । सर्लेले अनुविधानात्मक शक्ति मानिसको मानसिक एवम् संज्ञानात्मक अभिव्यक्तिसँग सम्बन्धित हुने कुरासमेत उल्लेख गरेका छन् ।

वास्तवमा सर्लेले अभिव्यक्तिमूलक वा उच्चारात्मक कार्य (फटिक र फोनेटिक एक्टमा आधारित कार्य), प्रतिज्ञप्तिमूलक कार्य (प्रस्तुति र अनुमानमा आधारित कार्य) र प्रतिविधानात्मक कार्यको चर्चा गरेका छन् । अनुविधानात्मक कार्य (Illocutionary Act) र प्रतिज्ञप्तिमूलक कार्य (Propositional Act) का सन्दर्भमा चाहिँ उनले अस्टिनलाई पछ्याएको देखिन्छ । यद्यपि सर्लेले अस्टिनको भन्दा केही भिन्न रूपमा वर्गीकरणलाई परिमार्जन गरेको पाइन्छ । वस्तुतः अस्टिनको सम्पादनकारी कार्यका सट्टामा सर्लेले अभिव्यक्तिमूलक कार्य (Utterence Act) पदावलीको प्रयोग गरेका छन् । साथै उनले अभिव्यक्ति कार्यभन्दा भिन्न प्रकारका रूपमा प्रतिज्ञप्तिमूलक कार्य -Propositional Act_ उल्लेख गरेका छन् । अस्टिन र सर्लेको प्रस्तुतिमा एउटा महत्त्वपूर्ण भिन्नता यो पनि छ कि अस्टिनको रेटिक कार्य (Rhetic Act) र सर्लेको प्रतिज्ञप्तिमूलक कार्य -Propositional Act_ .

नेपोलिअन र मबाक्विओ (सन् २०१८) का अनुसार सर्लेले वाक्क्रिया चर्चाका क्रममा निम्न पक्षमा जोड दिएको पाइन्छ :

- भाषिक उच्चार र कार्यका बिचको भिन्नता
- अनुविधानात्मक र प्रतिविधानात्मक कार्यका बिचको भिन्नता
- वाक्क्रिया वर्गीकरणका आधार निर्धारण
- निश्चित नियम र तथ्यमा आधारित वाक्क्रिया सिद्धान्तको अवतरण ।

फ्लावरड्यु (सन् २०१३) का अनुसार वाक्क्रियाका सन्दर्भमा हामी अभिव्यक्ति वा उच्चारको कार्यात्मक तथा साञ्चारिक मूल्यसँग सम्बन्धित हुन्छौं । भाषाको कार्यात्मक पक्षअन्तर्गत शुभकामना, निमन्त्रणा, प्रस्ताव, आदेश, वाचा, अनुरोध, चेतावनीलगायतका बहुविध पक्ष समेटिन्छन् । यस सन्दर्भमा तलको उदाहरण हेरौं :

- I need help. - मलाई सहयोगको आवश्यकता छ ।
- Can you help me? - तिमी मलाई सहयोग गर्न सक्छौ ?
- Help me. - मलाई सहयोग गर ।

उल्लिखित उदाहरणलाई परम्परागत वा व्याकरणिक रूपले हेर्दा यी वाक्य भनाइ वा अभिव्यक्तिमूलक (Stating), प्रश्नात्मक (Questioning) र आदेशात्मक (Commanding) देखा पर्छन् । यीमध्ये दोस्रो वाक्य 'तिमी मलाई सहयोग गर्न सक्छौ ?' लाई हेर्ने हो भने यस वाक्यबाट वक्ताका लागि आवश्यक सहयोग गर्न सक्ने क्षमता श्रोतामा भएनभएको बारे सोधिएको देखिन्छ । यसलाई थप अर्को रूपमा अवेक्षण हो भने वक्ताले सहयोगका लागि श्रोतालाई अनुरोध गरेको देखिन्छ । त्यस्तै भाषिक क्रियाका सन्दर्भमा कृपया लाइट ! लाइट दिनुहोस् ! लाइट ! लगायतको अभिव्यक्तिबाट वा शान्त ! कृपया शान्त ! कृपया शान्त रहनुहोस् ! शान्त रहन सक्नु होला ? यहाँलाई शान्त रहनका लागि अनुरोध गरिन्छ ! लगायतका वाक्यबाट विभिन्न आशयमूलक कार्य सम्पादन हुन्छ । भाषिक क्रियाबाट सम्पादन गरिने यस किसिमका कार्यलाई नै वाक्क्रिया भनिन्छ ।

**ILAM Vol. 21, Issue 1, February 2025**
**ISSN: 2362-1176**
**DOI: https://doi.org/10.3126/ilam.v21i1.75692** 

**वाक्क्रियाका प्रकार**

वाक्क्रियालाई विभिन्न अध्ययन-अनुसन्धानका आधारमा विभिन्न प्ररूपमा वर्गीकरण गरिएको पाइन्छ । फ्लावरड्यु (सन् २०१३) का अनुसार वाक्क्रिया वर्गीकरणका दुई सम्भाव्य दृष्टिकोणहरू रहेका छन् :

- अस्टिनको सम्पादनकारी क्रियामा आधारित दृष्टिकोण
- सर्लेको वाक्क्रिया वर्गीकरणमा आधारित दृष्टिकोण ।

उल्लिखित दुई दृष्टिकोणमध्ये वाक्क्रियाको पृष्ठभूमि निर्माता अस्टिनको दृष्टिकोण सम्पादनकारी क्रियाको वर्गीकरणमा आधरित रहेको छ । उनले सम्पादनकारी क्रियालाई पाँच आधारभूत प्रकारमा प्रस्तुत गरेका छन् :

- निर्णयात्मक (Verdictive)
- अभ्यासात्मक (Exercitives_
- प्रतिज्ञामूलक (Commissives)
- मनोवृत्तिमूलक (Behavities) र
- व्याख्यामूलक (Expositives) .

सर्लेको दृष्टिकोण चाहिँ वाक्क्रिया वर्गीकरणमा आधारित रहेको छ । उनले वाक्क्रियाका पाँच प्रकार प्रस्तुत गरेका छन् :

- निश्चयार्थक (Representatives)
- निर्देशनात्मक (Directives)
- प्रतिज्ञामूलक (Commissive)
- अभिव्यक्तिमूलक (Expressive) र
- घोषणात्मक (Decleration) .

वाक्क्रिया वर्गीकरणका सन्दर्भमा उल्लिखित दुई सम्भाव्य अवधारणाहरू देखा परेका भए पनि अस्टिनद्वारा प्रस्तुत वर्गीकरणलाई सम्पादनकारी क्रियाको वर्गीकरणका रूपमा र सर्लेद्वारा प्रस्तुत वर्गीकरणलाई वाक्क्रियाको वर्गीकरणका रूपमा लिनु समीचीन हुन्छ । फ्लावरड्यु (सन् २०१३) का अनुसार भाषावैज्ञानिक सर्लेले वाक्क्रिया वर्गीकरणका लागि निम्नलिखित तीन आधारलाई उपयोग गरेका छन् :

- अनुविधानात्मक बिन्दु (Illocutionary Point) M विषय वा उद्देश्यमा आधारित दृष्टिकोण
- उपयुक्त सम्बन्ध निर्माण (Direction to Fit) M भाषिक अभिव्यक्तिका लागि जगत् सुहाउँदा शब्दको प्रयोगसम्बन्धी दृष्टिकोण
- वक्ताको मनोवैज्ञानिक भनाइ (Speakers Psychological State÷ Sensory Condition)M व्यक्त अभिव्यक्तिको विश्वासमा आधारित दृष्टिकोण (जस्तो कि वाचाले केही गर्ने मनसायलाई जनाउँदछ)

नेपोलिअन र मबाक्विओ (सन् २०१८) का अनुसार पनि सर्लेले यिनै तीन आधार : अनुविधानात्मक कार्य (Illocutionary Act), शब्द र जगत्को सम्बन्ध (Direction to Fit) र सच्याइगत अवस्था (Sincerity Condition) मा आधारित भएर वाक्क्रियाका पाँच प्रकार प्रस्तुत गरेका हुन् । तर कतिपयले सर्लेद्वारा प्रस्तुत वाक्क्रिया वर्गीकरणका तथोक्त आधारलाई वाक्क्रिया उत्पादनका सर्तसमेत भन्न भ्याएका छन् । उल्लिखित आधारमा सर्लेले वाक्क्रियाका निम्नलिखित पाँच प्रकार प्रस्तुत गरेका छन् । जसको चर्चा निम्नानुसार गरिएको छ :

**ILAM Vol. 21, Issue 1, February 2025**
**ISSN: 2362-1176**
**DOI: https://doi.org/10.3126/ilam.v21i1.75692**


- **निश्चयार्थक** (Representatives)

निश्चयार्थक वाक्क्रिया त्यस्तो वाक्क्रिया हो जसमा वक्ताले आफ्नो भनाइ वा अभिव्यक्तिलाई जगत् सुहाउँदो रूपमा प्रस्तुत गर्दछ । यसलाई सोझो अर्थसम्बद्ध वाक्क्रियाका रूपमा पनि लिइएको पाइन्छ । यस वाक्क्रियामा वक्ताको मनसाय आफ्नो विश्वासलाई जोड दिनु हुन्छ । अर्थात् यसमा वक्ताले आफूले भनेका कुरामा श्रोतालाई विश्वास दिलाउने कार्य गर्दछ । यस वाक्क्रियामा प्रस्तुत हुने उच्चार वा अभिव्यक्तिबाट संसारसँग सम्बन्धित तुल्याउने भनाइ र घटना प्रस्तुत हुने मानिन्छ । जस्तै, 'म असल केटा हुँ ।' यस वाक्यमा व्यक्त अभिव्यक्तिको मनसाय श्रोतााई वक्ता असल केटा हो भन्ने विश्वास दिलाउनु रहेको छ । निश्चयार्थक वाक्क्रिया जोड दिन्छु, कसम खान्छु, परिभाषित गर्छु, सूचना गर्छु लगायतका क्रियात्मक पदावलीबाट व्यवहृत हुन्छ ।

- **निर्देशनात्मक** (Directives)

कसैलाई केही कामका लागि निर्देशन दिइने वाक्क्रियालाई निर्देशनात्मक वाक्क्रिया भनिन्छ । निर्देशनात्मक वाक्क्रियाको मुख्य उद्देश्य वक्ताको इच्छानुसार श्रोतालाई केही काम गर्न लगाउनु हुन्छ । यस वाक्क्रियामा भावभङ्गीको पनि प्रयोग व्यवहार हुन सक्छ । जस्तै : 'मलाई कलम दिन सक्नु हुन्छ ?' यस उच्चारबाट वक्ताले कसैसँग कलमका लागि अनुरोध गरेको बुझिन्छ । यही वाक्यलाई 'मलाई कलम दिनुहोस्' भनी अभिव्यक्त गर्दा प्रत्यक्ष रूपमा श्रोतालाई काम गर्न आदेश दिएको बोध हुन्छ । यस किसिमको वाक्क्रिया सोध्छु, आदेश दिन्छु, अनुरोध गर्छु, सल्लाह दिन्छु, निमन्त्रणा गर्छु आदि क्रियात्मक पद पदावलीबाट अभिव्यक्त हुन्छ ।

- **प्रतिज्ञामूलक** (Commissive)

भविष्यमा गरिने कार्यको वचनबद्धता जनाउने वाक्क्रियालाई प्रतिज्ञामूलक वाक्क्रिया भनिन्छ । सामान्यतया यसलाई वाचाका रूपमा अभिव्यक्त हुने वाक्क्रियाका रूपमा लिइन्छ । वस्तुतः यो त्यस्तो वाक्क्रिया हो जसले भविष्यमा गरिने कार्यसम्बन्धी वक्ताको मनसायलाई दर्साउँछ । जस्तै : 'म आज राति तिम्रो घरमा आउने छु' यस अभिव्यक्तिले रातिको समयमा श्रोताको घरमा वक्ता पुग्ने आशयलाई उल्लेख गरेको छ । यसबाट श्रोताको घरमा पुग्ने वक्तागत वचनबद्धता प्रकट भएको देखिन्छ । यसअतिरिक्त वाचा गर्छु, कसम खान्छु, चेतावनी दिन्छु, उत्तरदायित्व लिन्छु लगायतबाट पनि प्रतिज्ञामूलक वाक्क्रिया सम्पादन हुन्छ ।

- **अभिव्यक्तिमूलक** (Expressive)

भाषिक उच्चारबाट व्यक्त हुने वक्ताको अभिव्यक्तिलाई जनाउने वाक्क्रियालाई अभिव्यक्तिमूलक वाक्क्रिया भनिन्छ । यो त्यस्तो वाक्क्रिया हो जसमा वक्ताले सन्दर्भ वा परिवेशअनुसार महसुस गरेको कुरालाई सोही रूपमा अभिव्यक्ति गर्दछ । अर्थात् यस वाक्क्रियाले वक्ताले व्यक्त गर्ने अनुभूतिजन्य कथनलाई दर्साउँदछ । जस्तै : 'मलाई माफ गर्नुहोस् ।', 'म यो मन पराउँछु ।', 'धन्यवाद !' आदि । वस्तुतः चिया, कफी खाँदा कसैको वस्त्रमा चिया, कफी पोखिदिएमा वा त्यस्तै अन्य गल्ती गरेमा क्षमा माग्ने गरिन्छ भने कसैले कसैलाई केही मनपर्ने चिज वा उपहार दिँदा 'मलाई यो मन पर्छ' वा 'यसका लागि धन्यवाद !' भनिन्छ । अभिव्यक्तिमूलक वाक्क्रियाले यसै प्रकारको भाषिक कार्य सम्पादनलाई जनाउँदछ । यस अतिरिक्त बधाइ दिन्छु, स्वागत गर्छु, खेद प्रकट गर्छु, समवेदना व्यक्त गर्छु, श्रद्धाञ्जली अर्पण गर्छु लगायतका क्रिया पदावलीबाट पनि प्रस्तुत वाक्क्रिया सम्पादन हुने मानिन्छ ।

- **घोषणात्मक** (Declarations)

वक्ताको अभिव्यक्ति वा उच्चारबाट बाह्य परिवेशमा परिवर्तन आउने वाक्क्रियालाई घोषणात्मक वाक्क्रिया भनिन्छ । यो त्यस्तो वाक्क्रिया हो जसमा व्यक्त प्रतिज्ञप्ति यथार्थमा आधारित हुन्छ । घोषणात्मक वाक्क्रिया अस्टिनको सम्पादनकारी क्रियासँग सम्बन्धित रहेको छ । यसमा वक्ताका लागि विशेष परिवेशको आवश्यकता पर्ने ठानिन्छ । जसले उसलाई वाक्क्रिया व्यक्त गर्नुपर्ने तुल्याउँछ । जस्तै : 'म तिमीहरू श्रीमान्-श्रीमती भएको घोषणा गर्छु ।' (विवाहका सन्दर्भमा पुजारीको अभिव्यक्ति, जहाँ महिला र पुरुष श्रीमान-श्रीमतीमा परिणत हुन्छन्, एकलबाट युगल हुन्छन्) । यसअतिरिक्त नियुक्त गर्छु, राजीनामा दिन्छु, निर्णय गर्छु लगायतका क्रिया पदावलीबाट पनि घोषणात्मक

ILAM Vol. 21, Issue 1, February 2025
ISSN: 2362-1176
DOI: https://doi.org/10.3126/ilam.v21i1.75692


वाक्क्रिया सम्पादन हुन्छ । सर्लेद्वारा प्रस्तुत वाक्क्रियाको उल्लिखित वर्गीकरणलाई विना कुनै आलोचना स्वीकार एवम् प्रयोग गरिएको पाइन्छ ।

नेपोलिअन र मबाक्विओ (सन् २०१८) का अनुसार पछिल्लो समयमा सर्लेले ञ्हउचभककष्यल बलम :भबलष्लन (सन् १९८६) नामक पुस्तकको लेखमा वाक्क्रियाका निम्नलिखित १२ आयामहरू प्रस्तुत गरेका छन् :

(क) अनुविधानात्मक भनाइ (Illocutionary Point)
(ख) शब्द र जगत्को सम्बन्ध (Direction to Fit)
(ग) सच्याइगत अवस्था (Sincerity Condition)
(घ) भनाइको शक्ति (Force or Strength of the Point)
(ङ) वक्ता र श्रोताको स्तर र अवस्था (Status or Position of the Hearer or Speaker)
(च) वक्ता र श्रोताको रुचिसँग सम्बन्धित उच्चार (Way the Utterance Relates to the Interests of the Hearer or Speaker)
(छ) सङ्कथन सम्बन्धको अनुभूति (Relationship to the Rest of the Discourse)
(ज) प्रतिज्ञप्तिमूलक विषय (Propositional Content)
(झ) भाषिक क्रियामा वाक्क्रिया हुनुपर्ने दृष्टिकोण (Requirement that some Acts must be Speech acts while others need not be)
(ञ) अतिरिक्त भाषिक व्यवहारको अभाव र आवश्यकता Lack or Need for Extra Linguistic Institutions)
(ट) अनुविधानात्मक क्रियाको अभाव र आवश्यकता (Lack of or Need for Illocutionary Verbs)
(ठ) प्रस्तुतिको शैली (Style of Performance) .

उल्लिखित १२ आयाम वा क्षेत्रमध्ये सर्लेले मुख्य रूपमा सुरुका ३ ओटा आयाममा ध्यान दिएका छन् । जसमध्ये पहिलोले अनुविधानात्मक कार्यलाई, दोस्रोले अनुविधानात्मक कार्यको सफलताका लागि शब्द र संसारका बिचको तादाम्य मिलाउनुपर्ने अभिप्रायलाई र तेस्रोले अनुविधानात्मक कार्य गर्न उपयुक्त संज्ञानात्मक भनाइको आवश्यकतालाई जनाउँदछ ।

**अप्रत्यक्ष वाक्क्रिया** (Indirect Speech Act)

भाषिक अभिव्यक्ति वा उच्चारका सन्दर्भमा प्रायजसो अभिव्यक्तिले एक भाषिक कार्य (भाषिक उच्चारबाट एउटा मात्र कार्य सम्पादन) मात्र सम्पादन गर्दछन् । तदपि कतिपय सन्दर्भमा चाहिँ भाषिक उच्चारले एक भाषिक कार्यका अतिरिक्त थप भाषिक कार्य पनि सम्पादन गर्न सक्छन् । वस्तुतः भाषिक अभिव्यक्ति वा उच्चारका क्रममा त्यसरी सम्पादन हुने अतिरिक्त भाषिक कार्यलाई अप्रत्यक्ष वाक्क्रिया भनिन्छ ।

सर्ले (सन् १९७५) का अनुसार "अप्रत्यक्ष वाक्क्रियाले अनुविधानात्मक कार्यबाट बुझिने अर्को अर्थलाई जनाउँदछ" (फ्लावरड्यु, २०१३ पृ. ८२ मा उद्घृत) । जस्तै Can you pass the salt ? – 'तिमी नुन दिन सक्छौ ?' यस प्रश्नले एकातिर नुन दिन सक्ने श्रोताको क्षमता र अर्कोतिर नुन दिनका लागि गरिएको अनुरोधलाई एकैसाथ दर्साएको छ । यसबाट अभिव्यक्त दोस्रो अर्थलाई अप्रत्यक्ष वाक्क्रिया भनिन्छ । यसको अर्को उदाहरण हेरौं :

Peter, can you open the window? - पिटर, तिमी झ्याल खोल्न सक्छौ ?

तथोक्त वाक्यमा पिटरलाई झ्याल खोल्न सक्छौ भनी प्रश्न सोध्नुलाई एउटा भाषिक अर्थका रूपमा लिइन्छ भने पिटरलाई झ्याल खोल्न गरिएको अनुरोधलाई अर्को अर्थका रूपमा लिइन्छ । उक्त उच्चारबाट

ILAM Vol. 21, Issue 1, February 2025

ISSN: 2362-1176
DOI: https://doi.org/10.3126/ilam.v21i1.75692

अभिव्यक्त दुई आशयमध्ये दोस्रो आशयलाई अप्रत्यक्ष वाक्क्रियाका रूपमा लिइन्छ । त्यस्तै I am feeling cold. - मलाई चिसो भयो । यस उच्चारबाट वक्ताले व्यक्त गर्न खोजेको आशय पिटरको बोधमा भर पर्ने हुन्छ । सामान्य अर्थमा यसले अनुरोधकलाई चिसो भएको आशय दर्साएको भए पनि विशिष्ट अर्थमा यसले पिटरलाई झ्याल बन्द गर्न गरेको अनुरोधलाई दर्साउँछ । यस सन्दर्भमा पिटरले झ्याल खुला भएकाले अनुरोधकलाई चिसो लागेको हुन सक्छ भन्ने बोध गरी झ्याल बन्द गरेमा त्यस्तो कार्यबाट अप्रत्यक्ष वाक्क्रिया सम्पादन हुने मानिन्छ ।

अप्रत्यक्ष वाक्क्रियाहरू सामान्यतया प्रस्ताव अस्वीकार गर्न मिल्ने स्वरूपमा अनुरोधात्मक तरिकाले प्रयोग व्यवहार गरिन्छन् । उदाहरणका लागि - यदि वक्ताले 'के तिमी मसँग भेटेर कफी लिन सक्छौ ?' भन्ने प्रश्न राख्दा श्रोताले 'मेरो कक्षा छ ।' भनी जवाफ दिएमा दोस्रो वक्ता (पूर्व श्रोता) ले पहिलो वक्ताको प्रस्ताव अस्वीकार गर्न अप्रत्यक्ष वाक्क्रियाको प्रयोग गरेको मानिन्छ । यस किसिमको जवाफलाई अप्रत्यक्ष वाक्क्रिया मान्नुको मुख्य कारण के हो भने 'मेरो कक्षा छ' भन्ने वाक्यले शाब्दिक दृष्टिमा कुनै असहमतिको भाव प्रवाह गरेको छैन । प्रकरण वा प्रसङ्गजनित सन्दर्भमा मात्र यसले असहमतिको भाव प्रवाह गरेको छ । प्रत्यक्ष रूपमा बोध नभए पनि परोक्ष रूपमा बोध गरिने अप्रत्यक्ष वाक्क्रियाको प्रयोग व्यवहार भाषाका समस्त प्रयोक्ताहरूबाट भने सम्भव देखिँदैन ।

फ्लावरड्यु (२०१३) का अनुसार भाषिक स्वरूप र कार्यका बिचको सम्बन्धका बारेमा परम्परागत अवधारणा र अनुमानमा अप्रत्यक्ष वाक्क्रियात्मक भाषिक कार्यको प्रयोग व्यवहार एउटा चुनौतीका रूपमा रहेको मानिएको छ । उनका अनुसार सर्लेले अप्रत्यक्ष वाक्क्रियाका मुख्य दुई प्रकार उल्लेख गरेका छन् :

**(क) परम्परागत वाक्क्रिया** (Conventionalized Speech Act)

परम्परागत वाक्क्रियाले भाषिक अभिव्यक्तिको परम्परित स्वरूपलाई जनाउँदछ । जसको बोध समुदायको बोलीव्यवहारबाट हुन्छ । परम्परागत वाक्क्रियाका रूपमा व्यक्त अभिव्यक्तिको पहिचान सम्भव हुन्छ । अर्थात् यो खासगरी प्रदत्त वाक्क्रियासँग सम्बन्धित हुन्छ । तथोक्त उदाहरणमा 'नुन दिन सक्छौ' भनी गरिएको अनुरोधलाई यसले दर्साउँदछ । यस्तो वाक्क्रिया पहिलो भाषीको तुलनामा दोस्रो भाषीका लागि समस्यायुक्त हुन सक्छ । किनभने कतिपय भाषिक परम्परागत स्वरूपहरू खास वक्तासँग मात्र सम्बन्धित हुन्छन् । यस वाक्क्रियाले अनुरोधका अतिरिक्त निमन्त्रणा र सुझावलाई समेत दर्साउँदछ ।

**(ख) अपरम्परागत वाक्क्रिया** (Non Conventionalized Speech Act) : अपरम्परागत वाक्क्रियाको अनुभूति सन्दर्भ वा परिवेशगत व्याख्यामा आधारित हुन्छ । जस्तो कि - 'धेरै तातो कोठा' भन्ने अभिव्यक्ति वा कथनले 'निकै गर्मी रहेछ' भन्ने आशयका साथ ए. सी. चालु गर्न अनुरोध गरेको बुझिन्छ । त्यस्तै कन्सर्टका सन्दर्भमा गीतसङ्गीतको सुरुवात हुँदैछ भनी व्यक्त गरिएको अभिव्यक्तिले आपसमा कुराकानी नगर्न अनुरोध गरेको भाव वा आशयलाई दर्साउँदछ । यस्तो आशय शाब्दी रूपले दिने आर्थी आशयका रूपमा स्पष्टतः बोध हुँदैन । यसका लागि भाषा प्रयोगको सन्दर्भ, विषयवस्तुको प्रकृति, वक्ता-श्रोताको स्तर, भाषिक व्यवहारको परिवेश, स्थान आदिमा भर पर्नुपर्ने हुन्छ ।

त्यसो त व्यक्त अभिव्यक्तिको आशय बोध वा अनुभूति वार्ताकार (Interlocutor) र सहभागीको सम्बन्ध (Relation of Participants) मा पनि आधारित हुन सक्छ । यदि वार्ताकारसँग सहभागीको सम्बन्ध निकट छ भने व्यक्त अभिव्यक्ति प्रत्यक्ष बोधगम्य र छैन भने अप्रत्यक्ष बोधगम्य हुन सक्छ ।

**वाक्क्रियाको भाषाशैक्षणिक स्थिति**

वस्तुतः भाषाशिक्षणका सन्दर्भमा वाक्क्रियालाई निकै महत्त्वपूर्ण मानिएको छ । वाक्क्रियाको व्यवस्थित वर्गीकरणले शैक्षणिक विषयवस्तुलाई सुसङ्गठित रूपमा प्रस्तुत गर्न सहयोग पुऱ्याउने हुनाले यसलाई महत्त्वपूर्ण मानिएको हो । भान इक र एलेक्सजेन्डर (सन् १९८९) तथा विल्किन्स (सन् १९७६) का अनुसार "वास्तवमा वाक्क्रिया वर्गीकरणको विकास भाषाशैक्षणिक पाठ्यक्रम निर्माणका लागि गरिएको पाइन्छ" (फ्लावरड्यु, २०१३, पृ. ८४ मा उद्धृत) । भाषाशिक्षणका सन्दर्भमा निर्णय, मूल्याङ्कन, विचारको प्रकटीकरण, औचित्यपूर्ण प्रस्तुति, वैयक्तिक संवेगको अभिव्यक्ति, संवेगात्मक सम्बन्ध आदिका लागि वाक्क्रिया उपयोगी रहेको देखिन्छ । यसको

**ILAM Vol. 21, Issue 1, February 2025**
**ISSN: 2362-1176**
**DOI: https://doi.org/10.3126/ilam.v21i1.75692** 

वस्तुतालाई हृदयङ्गम गर्दै युरोपेली सदस्य राष्ट्रहरूले विद्यालय तहको पाठ्यक्रम निर्माणका क्रममा निम्नानुसारका वाक्क्रियात्मक आधारहरू तय गरी उपयोग गरेको पाइन्छ :

- तथ्यमूलक सूचनाको खोज र प्रस्तुति : जस्तै - पहिचान गर्नु, सूचित गर्नु, सोधनी गर्नु, आदि ।
- बौद्धिक मनोवृत्तिको पहिचान र प्रस्तुति : जस्तै - सहमत हुनु, असहमत हुनु, स्वीकार गर्नु, व्यक्त गर्नु, आदि ।
- संवेगात्मक मनोवृत्तिको पहिचान र प्रस्तुति : जस्तै - अभिव्यक्त गर्नु, खुसी हुनु, बेखुसी हुनु, आश्चर्यमा पर्नु, आशावादी हुनु, सन्तुष्ट हुनु, आदि ।
- नैतिक मनोवृत्तिको पहिचान र प्रस्तुति  : जस्तै - क्षमा दिनु, माफी माग्नु, पछुतो मान्नु, आदि ।
- कार्यसम्पादनात्मक प्रस्तति : जस्तै - सुझाव दिनु, अनुरोध गर्नु, निमन्त्रणा गर्नु, सल्लाह दिनु, चेतावनी दिनु, आदि ।
- सामाजिकीकरणात्मक प्रस्तुति : जस्तै - परिचय दिनु, ध्यानाकर्षण गर्नु, आदि । (फ्लावरड्यु, २०१३, पृ.८४ मा उद्‌घृत)

उल्लिखित आधारहरूले भाषाशैक्षणिक सन्दर्भमा भाषिक प्रकार्यात्मकतालाई दर्साउँछन् । जसको उपयोगबाट पाठ्यपुस्तक निर्माण र मूल्याङ्कन प्रणालीमा सहजता प्राप्त हुने अपेक्षा गरिएको छ । साथै सिकाइ शिक्षणका क्रममा सिकारु थप उत्प्रेरित हुने विश्वास लिइएको छ ।

त्यसो त वाक्क्रियासम्बन्धी उल्लिखित अवधारणाले भाषाशिक्षणका क्षेत्रमा निकै नै चुनौती थपिदिएको छ । यस अवधारणाले परम्परागत शिक्षणमा अपनाइएका तीन प्रकृतिका वाक्यहरू : भनाइ वा अभिव्यक्तिमूलक, प्रश्नात्मक र आदेशात्मकमा प्रश्न उठाएको छ । यीमध्ये भनाइ वा अभिव्यक्तिमूलक स्वरूपको प्रयोग भनाइ निर्माणका लागि, प्रश्नात्मक स्वरूपको प्रयोग प्रश्न सोध्नका लागि र आदेशात्मक स्वरूपको प्रयोग आदेशका लागि हुने मानिन्छ । सम्प्रति भाषिक प्रयोग व्यवहार तथा शिक्षणका सन्दर्भमा परम्परित वाक्यका अतिरिक्त उपर्उल्लिखित विभिन्न प्रकारका वाक्क्रियात्मक वाक्य ढाँचाहरूको अनुप्रयोग गर्नुपर्ने धारणा विकसित भएको पाइन्छ ।

## निष्कर्ष

वाक्क्रिया सम्बन्धमा प्रस्तुत गरिएका उल्लिखित तथ्यहरुलाई दृष्टिगत गर्दा वाक्क्रियाबारे विभिन्न निचोड निर्धारण गर्न सकिन्छ । वस्तुतः वाक्क्रिया भाषिक प्रयोगबाट सम्पादन हुने कार्यमा आधारित रहेको छ । ऐतिहासिक दृष्टिमा यससम्बन्धी अवधारणा सन्  १९५५ मा पृष्ठभूमिका रूपमा बाहिर आएको र सन् १९६९ मा व्यापक बनेको तथ्य पाइन्छ । यससम्बन्धी अवधारणा सर्वप्रथम अस्टिनले उल्लेख गरेका भए पनि यसको विकास सर्लेद्वारा गरिएको मानिन्छ । वाक्क्रियाका प्रकार सम्बन्धमा विद्वान्‌हरूका आआफ्नै दृष्टिकोण रहेका भए पनि सर्लेद्वारा प्रस्तुत पाँच प्रकारलाई यसका मुख्य प्रकारका रूपमा लिने गरिन्छ । जसअन्तर्गत निश्चयार्थक, निर्देशनात्मक, प्रतिज्ञामूलश, अभिव्यक्तिमूलक र घोषणात्मक रहेका छन् । भाषा प्रयोगको निश्चित सन्दर्भ हुने र त्यस सन्दर्भमा प्रयोग गरिने निश्चित भाषिक कार्य गर्ने मान्यतामा आधारित वाक्क्रियासम्बन्धी अवधारणालाई कक्षा शिक्षण तथा भाषा शिक्षणका सन्दर्भमा उपयोग गर्न सकिने देखिएको छ । यसको भाषाशैक्षणिक प्रयोग, व्यवहारले शिक्षण कार्यलाई थप प्रभावकारी बनाउने देखिएको छ । प्रस्तुत अध्ययनले वाक्क्रियाका क्षेत्रमा अध्ययन, अनुसन्धान गर्न चाहने तथा यस क्षेत्रमा रूचि राख्ने जोकोहीलाई वाक्क्रियासम्बन्धी सैद्धान्तिक अवधारणा ग्रहण गर्न सघाउ पुऱ्याउने अपेक्षा गरिएको छ । साथै यसबाट नेपाली भाषाविज्ञानका क्षेत्रमा थप योगदान पुग्ने अपेक्षा गरिएको छ ।

## सन्दर्भ सूची

अस्टिन, जे. एल. (सन् १९६२), हाउ टु डु थिङ्स विथ वर्डस् : अक्सफोर्ड युनिभर्सिटी प्रेस ।

ग्राइस, पी. (सन् १९७१), मिनिङ इन स्टेइनवर्ग एन्ड ज्याकोबोभिट्‌स (सम्पा.) *सिमान्टिक्स* : क्याम्ब्रिज युनिभर्सिटी प्रेस ।

ISSN: 2362-1176
DOI: https://doi.org/10.3126/ilam.v21i1.75692

क्यान्ले, एम. (सन् १९८३), फ्रम कम्युनिकेटिभ कम्पिटेन्स टु कम्युनिकेटिभ ल्याङ्ग्वेज पेडागोजी, जे. सी. रिसर्च एन्ड आर. डब्लु. ।

डिमाइरजन, एम. (सन् १९९१), प्रग्माटिक्स एन्ड ल्याङ्ग्वेज टिचिङ, *हास्टिप युनिभर्सिट्सी एगिटिम फ्याकल्ट्सी डर्गिसी,* ६ (६), पृ. २८१-२८६ ।

नपोलिअन, एम. र मबाक्विओ, जे. आर. (सन् २०१८), स्पिच एक्ट थयरी : फ्रम अस्टिन टु सर्ले, *अगस्टिनियन जर्नल,* फिलिपिन्स, युनिभर्सिटी अफ सान अगस्टिन ।

निभिस, डी. एम. (सन् २०१३), द रोल अफ प्रग्माटिक्स इन इङ्लिस ल्याङ्ग्वेज टिचिङ प्रग्माटिक्स कम्पिटेन्स, *एकेडेमिक जर्नल अफ इन्टरडिसिपिलिनरी स्टडिज,* २ (४), पृ ६३-६९ ।

लेभिन्सन, एस. सि. (सन् २०१०), *प्रग्माटिक्स,*लन्डन : क्याम्ब्रिज युनिभर्सिटी प्रेस ।

विडोसन, एच. जी. (सन् १९७८), *टिचिङ् ल्याङ्ग्वेज एज कम्युनिकेसन,* लन्डन : अक्सफोर्ड युनिभर्सिटी प्रेस ।

विडोसन, एच. जी. (सन् २००७), *डिस्कोर्स एनलाइसिस,* लन्डन : अक्सफोर्ड युनिभर्सिटी प्रेस ।

सर्ले, जे. आर. (सन् १९६९) *स्पिच एक्ट्स* : क्याम्ब्रिज युनिभर्सिटी प्रेस ।